# जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार विकास समिति (गठन) आदेश (पहिलो संशोधन), २०७१

जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार विकास समिति (गठन) आदेश, २०७० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदेश (पहिलो संशोधन), २०७१" रहेकोछ ।

२. यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२. जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार विकास समिति (गठन) आदेश, २०७० को दफा ३ (२) क मा संशोधनः</u>** जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार विकास समिति (गठन) आदेश, २०७० (यस मूल आदेश भनिएको) को दफा ३ को उपदफा २ को खण्ड क मा रहेको "स्वास्थ्य सेवाको बाह्रौं तहका चिकित्सकमध्ये नेपाल सरकारले मनोनयन गरेको व्यक्ति अध्यक्ष" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य सेवाको बाह्रौं वा एघारौं तहका बहालवाला वा सेवानिवृत्त चिकित्सकमध्ये नेपाल सरकारले मनोनयन गरेको व्यक्ति अध्यक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

**<u>३. मूल आदेशको दफा ३ (२) ङ मा संशोधनः</u>** मूल आदेशको दफा ३ को उपदफा २ को खण्ड ङ मा रहेको "लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना चिकित्सक र एकजना महिला रहने गरी मन्त्रालयले मनोनयन गरेका तीनजना सदस्य" भन्ने शब्दहरूको सट्टा "लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना चिकित्सक र एकजना महिला रहने गरी मन्त्रालयले मनोनयन गरेका पाँचजना सदस्य" भन्ने शब्दहरू राखिएका छन् ।

०७१।५।२२

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**विषयः** जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदेश (पहिलो संशोधन), २०७१ स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृत भएको मितिः** २०७१।६।२२

१. **विषयको संक्षिप्त व्यहोराः-**

जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदेश, २०७० को दफा ३ मा श्वास प्रश्वासबाट उत्पन्न हुने रोगको उपचार गर्ने कार्य समेतको लागि जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति रहने भनी उल्लेख छ । सोही गठन आदेशको दफा ३ (२) (क) मा स्वास्थ्य सेवाको बाह्रौं तहका चिकित्सकमध्येबाट नेपाल सरकारले मनोनयन गरेको व्यक्ति अध्यक्ष रहने व्यवस्था गरिएको छ र दफा ३ (२) (क) मा लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना चिकित्सक र एकजना महिला रहने गरी मन्त्रालयले मनोनयन गरेका तीनजना सदस्य रहने व्यवस्था गरिएको छ । उल्लेखित गठन आदेशमा भएको व्यवस्थालाई संशोधन तथा थप गर्नुपर्ने भएकोले यो प्रस्ताव पेश गरिएको छ ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराहरुः-**

३. **प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिशः-**

प्रकरण १. मा उल्लेख भए अनुसार जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदेश, २०७० को दफा ३ (२) (क) र ३ (२) (ङ) मा संशोधन तथा थप गरी जी.पी कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदेश (पहिलो संशोधन), २०७ स्वीकृतिका लागि माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीबाट मिति २०७१।६।२२ मा मन्त्रिपरिष मा प्रस्ताव पेश गर्न स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६ को अनुसूची १ को विषयसंख्या १६ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. **निर्णय हुनुपर्ने व्यहोराः-**

यसै साथ संलग्न "जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदे (पहिलो संशोधन), २०७१" स्वीकृत गर्ने ।

(शान्त बहादुर श्रेष्ठ)
सचिव

मितिः- २०७१।६।२३

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदेश (पहिलो संशोधन), २०७१ स्वीकृत गर्ने विषयको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नं. २७/५६-०७१/६/२४ को प्रस्ताव मं.प.बै.सं. ३०।०७१ मिति २०७१।६।३० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

नेपाल सरकारको निर्णय —

"प्रस्तावसाथ संलग्न जी.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार विकास समिति (गठन) आदेश (पहिलो संशोधन), २०७१ को दफा २ मा केही नगर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( लीलामणि पौड्याल )
मुख्यसचिव
२०७१।६।३०